# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (६), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, फाल्गुन २ गते २०७९ साल, सङ्ख्या ११**


## भाग-२

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, निर्देशिका र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

**सूर्योदय नगरपालिकाको गाईको प्रजनन्का लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/१०/२९

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको गाईको प्रजनन्का लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको गाईको प्रजनन्का लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९** हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले " सूर्योदय नगरपालिकाको गाईको प्रजनन्का लागि उन्नत नश्ल (सेक्स्ड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"लाई जनाउनेछ ।

**३.** मूल कार्यविधिको दफा २ को खण्ड झ) मा "होलेस्टिन" शब्द पछि "र जर्सी" भन्ने वाक्यांश थप गरिएको छ ।

**४.** मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड घ) मा "खरिद मूल्यको ५० प्रतिशत रकम" को सट्टामा "खरिद मूल्यवापत रु. १५०० रकम" राखिएको छ ।

**५.** मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड छ) हटाइएको छ ।

**६.** मूल कार्यविधिको दफा ६ को उपदफा (३) मा रहेको "तर कृत्रिम गर्भाधान असफल भई दोहोऱ्याउनु परे सम्बन्धित वडा कार्यालयले प्रमाणित गरी पशु सेवा शाखालाई पठाउनु पर्नेछ ।" भन्ने वाक्यांश हटाइएको छ ।

# आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सहजीकरण तथा सञ्चालन कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/१०/२९

नेपाल सरकारको आ.व. २०७९/०८०को बजेट वक्तव्य बुँदा न. २८ र ३१ मा उल्लेख भए बमोजिम कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयको बार्षिक कार्यक्रम मार्फत सूर्योदय नगरपालिकामा संचालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम शीर्षकमा सशर्त अनुदानको कार्यक्रमहरुलाई थप प्रभावकारी, नतिजामूखी, पारदर्शी र जवाफदेही बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यन्वयन एकिकृत कार्यविधि २०७९ को दफा १२(३) ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगरपालिका,नगर कार्यापालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम “सूर्योदय नगरपालिकाको आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सहजीकरण तथा सञ्चालन कार्यविधि २०७९” रहेको छ ।

ख. यो कार्यविधि स्वीकृत भई सार्वजनिक रुपमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२) परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क)** 'अनुदान' भन्नाले आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि,२०७९ ले परिभाषित गरेको परिभाषा बुझ्नु पर्नेछ ।

**ख)** 'अनुदानग्राही' भन्नाले छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी र कृषि व्यवसायीहरु सम्झनु पर्दछ ।

**ग)** 'कृषि सामग्री' भन्नाले आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि,२०७९ ले परिभाषित गरेको परिभाषा बुझ्नु पर्नेछ ।

**घ)** 'सार्वजनिक पूर्वाधार' भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने सार्वजनिक प्रयोजनका बजार, पूर्वाधार अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनु पर्छ ।

**ङ)** "सामुदायिक पूर्वधार" भन्नाले सिंचाइका पूर्वाधार, कृषि सम्बन्धी पूर्वाधार र सार्वजनिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनु पर्दछ ।

**च)** 'सशर्त अनुदान' भन्नाले संघ र प्रदेश बाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त अनुदान सम्झनु पर्दछ ।

**छ)** ' निजी पूर्वाधार ' भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाई, नर्सरी, संरक्षित उत्पादनको लागि संरचना जस्ता मूल्य श्रंखलामा आधारित निजि प्रयोजनका पूर्वाधारहलाई सम्झनु पर्दछ ।

**ज)** 'नगरपालिका' भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ ।

**झ)** 'नगरप्रमुख' भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**ञ)** 'नगर उपप्रमुख' भन्नाले सूर्योदय नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

**ट)** 'प्रमुख प्रशासकीय अधिकृत ' भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**ठ)** 'वडा अध्यक्ष ' भन्नाले सूर्योदय नगरपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

**ड)** 'समिति ' भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ को १ अनुसार गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

**ढ)** 'लक्षित वर्ग' भन्नाले कृषक, कृषि उद्यमी, उद्योगी कृषक समूह, कृषि सहकारी, बजारीकरणका सहजकर्ताहरुलाई सम्झनु पर्छ ।

## <u>परिच्छेद २</u>

## कार्यक्रमको उद्धेश्य र क्षेत्रहरुः

**३. उद्धेश्यः** सूर्योदय नगरपालिकामा उत्पादन हुने प्रमुख वाली तथा तरकारीको उत्पादन वृद्धि गरी आत्मनिर्भरता उन्मूख कृषि अर्थतन्त्रको बिकासमा टेवा पुर्याउन, मूल्य श्रृङ्खलाको परिष्कृत अभ्यास गर्नु, आयात प्रतिस्थापन सुनिश्चित गर्दै व्यापार घाटा न्यूनीकरण गरि राष्ट्रको समग्र आर्थिक विकासमा टेवा पुर्याइ किसानहरुलाई प्रोत्साहन गर्दै आत्मनिर्भर बनाउने यस कार्यविधिको मुख्य उद्धेश्य रहेको छ।

यस कार्यक्रमको विशिष्ट उद्धेश्यहरु यस प्रकार रहेका छन ।

**१)** हरियो सागसब्जी, आलु, इस्कुस तथा तरकारीको क्षेत्रफल,उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

**२)** बढी आयात हुने तरकारी उपज र उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउने ।

**३)** उत्पादन लागत कम गर्दै कृषक तथा व्यवसायीको प्रतिस्पर्धात्मक क्षमता र आय स्तर बढाउन सहयोग पुर्याउने ।

**४. उद्धेश्य कार्यान्वयनका लागि बाली बस्तुहरुको छनौटः** बाली वस्तुहरुको छनौट देहाय बमोजिम हुनेछ ।

क) आयात भइरहेका तरकारी बालीहरु, नगरपालिका नजिकका शहरउन्मूख बजारहरुलाई तथा सिमावर्ति भारतिय बजारहरुलाइ लक्षित गरी तरकारी उत्पादन, आलु, बीउ लगायतका बाली र वस्तुहरुमा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) दफा ३ को उपदफा '१' मा उल्लेख भएका बाली बस्तुको उत्पादन प्रवर्द्धनका लागि बजार तथा अन्य पूर्वाधार बिकास, जनशक्ति व्यवस्थापन तथा क्षमता बिकास, बाँझो जग्गा सदुपयोग, न्यूनतम समर्थन मूल्य कार्यान्वयन र कार्यविधि लक्षित विशेष उत्पादन कार्यक्रमहरु पुरक कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

ग) दफा ३ को उपदफा '१' मा उल्लेखित बाली र बस्तुको उत्पादन प्रवर्द्धनको लागि यान्त्रिकीकरण, सिंचाइ, अन्य पूर्वाधार बिकास बजारीकरणको कार्यक्रमहरु संचालन गरि उत्पादन अभियान सञ्चालनमा केन्द्रित गरिनेछ ।

**५. अपेक्षित उपलब्धी / प्रतिफल**

आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०७९ ले आलु, तरकारी र न्यूनतम समर्थन मूल्यको हकमा लिएको राष्ट्रिय लक्ष्य हासिल गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

## परिच्छेद ३

## कार्यक्रम सहजीकरण

**६) कार्यक्रम सञ्चालन प्रकृयाः** यस कार्यक्रममा कृषक, कृषक समूह, कृषि सहकारी, बजारीकरण सहजकर्ताहरु, निजी फर्महरु, साना सिँचाइ निर्माणका लागि गठन भएका उपभोक्ता समिति सहभागी हुनेछन् ।

**क)** कार्यक्रम सहजीकरण सम्बन्धमा विभिन्न वडाहरुमा कृषक, कृषक समूह, सहकारी र सरोकारवालाहरुको उपस्थितिमा अन्तरक्रिया, जनचेतना तथा प्रचार-प्रसारका कार्यहरु संचालन गरिनेछ ।

**ख)** यस कार्यक्रममा सहभागि हुने कृषकहरुले प्रस्तावनामा तोकिएको बमोजिम लक्षित बाली वस्तु उत्पादन गर्नुपर्नेछ ।

**ग)** कार्यक्रम सहजीकरणको लागि नगरपालिकाले कार्यक्रम तर्जुमा र सञ्चालन कार्ययोजना निर्माण गरि कार्यक्रम सञ्चालन गर्न छुट्टै व्यवस्था वा हेल्प डेस्क स्थापना गरी आवश्यक सहजकर्ता वा प्राविधिक कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ ।

**घ)** उपदफा ग बमोजिम व्यवस्था भएको सहजकर्ता वा प्राविधिक कर्मचारीहरुको सेवा सुविधा, प्रोत्साहन (performance based incentive) नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**ङ)** उपदफा (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस कार्यक्रम सञ्चालनको निम्ति अतिरिक्त जनशक्ति आवश्यक परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम दैनिक ज्यालादारीमा व्यवस्थापन गर्न बाधा पर्नेछैन ।

**च)** उपदफा (ग) र (घ) मा व्यवस्था गरिएका प्राविधिक कर्मचारी र सहजकर्ताहरुले अयोग्यताको कारण आफ्नो पदको काम र जिम्मेवारी पुरा नगरेमा, आचरण सम्बन्धी नियम बारम्बार उल्लघंन गरेमा, अनुशासनहिन कार्य गरेमा, कार्यालयमा विना जानकारी पटक पटक अनुपस्थित भएमा वा प्रचलित कानून विपरित कार्य गरेमा नगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक कार्वाही गर्न सक्नेछ ।

**छ)** कार्यक्रम सञ्चालन प्रकृया तथा सञ्चालन गरिने कृयाकलापहरु परिच्छेद ४ बमोजिम हुनेछ ।

**७) सहजकर्ता वा प्राविधिक कर्मचारीको योग्यता र छनौटः**

कार्यक्रम सहजीकरणमा निम्ति आवश्यक सहजकर्ता र प्राविधिक कर्मचारीको योग्यता देहाय बमोजिम हुनेछ ।

**क)** अधिकृतस्तर प्राविधिक कर्मचारीको हकमा कृषि वा पशु विज्ञान बिषयमा कम्तिमा स्नातक तह उतिर्ण वा सो सरह ।

**ख)** सहायकस्तर सहजकर्ताको हकमा कृषि तथा पशु विज्ञान विषयमा प्रमाण पत्र तह उतिर्ण वा सो सरह

**ग)** कृषि विज्ञ वा परामर्शदाताको रुपमा नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहको कम्तिमा सातौँ तहको अधिकृत कर्मचारीलाइ आमन्त्रण गर्न सक्नेछ ।

**घ)** कार्यक्रमको लागि कर्मचारी छनौटका लागि कम्तिमा ७ (सात) दिनको दरखास्त आह्वानको सूचना प्रकाशन गरि अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ ।

**८) समिति सम्बन्धी व्यवस्थाः**

**क) अनुदान सत्यापन (Field Verification)तथा प्रतिफल अनुगमन समितिः** यस कार्यक्रम अन्तर्गत प्रवाह गरिने अनुदान सहुलियत तथा पूर्वाधारहरुको निर्माणको उपयुक्तताको पहिचान गर्न, प्रवाह गरिने अनुदान सहुलियतले यस कार्यक्रमको उद्धेश्य प्राप्तिको सुनिश्चितता गर्न र अनुदान लक्षित बर्गमा पुगेको नपुगेको सत्यापन गर्न सूर्योदय नगरपालिकामा तपशिल अनुसारको समिति रहनेछ ।

अध्यक्षः नगर उपप्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी

सदस्यः कार्यक्रम सञ्चालन हुने वडाको वडा अध्यक्ष

सदस्यः पशु सेवा प्राविधिक

सदस्य सचिवः कृषि शाखा प्रमुख

समितिले आवश्यक परेमा कृषि तथा पशु सेवा हेर्ने संघ वा प्रदेशको कार्यालयबाट प्राविधिक कर्मचारी आमन्त्रण गर्न सक्नेछ ।

**ख) समितिको काम, कर्तव्य र अधिकारः**

- यस समितिले अनुदान वा सहुलियत सम्बन्धित लाभग्राहीलाई भुक्तानि गर्नुपूर्व ३ दिनको समय दिई सार्वजनिक गरी गुनासो सुन्ने र अनुदान वा सहुलियत दोहोरो नभएको, दुरुपयोग नभएको तथा उद्धेश्य प्राप्त गर्न सफल रहेको एकिन गरी भुक्तानिको लागि सिफारिस गर्नु पर्नेछ ।
- न्यूनतम समर्थन मूल्य कार्यन्वयनको अनुगमन गरि नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने ।

**ग) कार्यक्रम व्यवस्थापन सहजीकरण समितिः** आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रम व्यवस्थापन सहजीकरण समिति देहाय बमोजिमको हुनेछ ।

क. आर्थिक विकास समिति संयोजकः संयोजक

ख. सुशासन तथा संस्थागत क्षमता विकास, भौतिक पूर्वाधार, सामाजिक विकास, वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजकः सदस्य

ग. कृषि/पशु सेवा शाखाबाट कार्यालयले तोकेको कर्मचारीः सदस्य

घ. लेखा शाखाबाट कार्यालयले तोकेको कर्मचारीः सदस्य

ङ. कार्यक्रम कार्यान्वयन हुने वडाको अध्यक्ष वा सदस्यः सदस्य

च. योजना शाखा प्रमुखः सदस्य सचिव

**घ) समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम व्यवस्थापन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. प्रस्ताव आह्वनको सूचना बमोजिम प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरि छनौटका लागि कार्यपालिकालाइ सिफारिस गर्ने ।

ख. कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट गरि नगर कार्यपालिकामा सिफारिस गर्ने ।

ग. कार्यक्रम छनौट भएका वडाहरुमा कार्यक्रम संचालन प्रकृया सम्बन्धी अभिमूखीकरण गर्ने ।

घ. कुनै वडाको निश्चित क्षेत्र तरकारी वा आलुको पकेट क्षेत्र तोकी कार्यक्रम संचालन गर्ने ।

ङ. विभिन्न निकायहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

च. कार्यक्रम संचालनको समयमा कुनै कानूनको आवश्यक्ता भएमा कानून तर्जुमाको लागि सिफारिस गर्ने ।

छ. कार्यक्रम संचालनको लागि आवश्यक प्राविधिक जनशक्तिको परिचालन गर्न सहजीकरण गर्ने ।

ज. मासिक रुपमा कार्य प्रगति प्रतिवेदन तयार गरि नगर कार्यपालिका बैठकमा पेश गर्ने ।

झ. विभिन्न बालीको न्यूनतम समर्थन मूल्य तोक्नका लागि आवश्यक्ता अनुसार परामर्श तथा विज्ञ सेवा समेत लिइ कार्यपालिका बैठकमा निर्णयका लागि सिफारिस गर्ने ।

ञ. न्यूनतम समर्थन मूल्य कार्यान्वयनका लागि विभिन्न कृषि फार्म, समूह, सहकारी, बजार व्यवस्थापन समिति, निजी उद्योगी, व्यवसायीहरुसँग समन्वय, सहजीकरण तथा सम्झौता गर्ने ।

ट. कार्यविधि बमोजिम अन्य तोकिएका कार्यक्रम संचालन गर्न सहजीकरण र व्यवस्थापन गर्ने ।

**१२) संचालन गरिने कार्यक्रमहरुः** आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यन्वयनका लागि देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

क) तरकारी उत्पादन कार्यक्रम

ख) आलु उत्पादन कार्यक्रम

ग) न्यूनतम समर्थन मूल्य तोक्ने तथा खरिद विक्री व्यवस्था

## परिच्छेद ४

## कार्यक्रम तर्जुमा र सञ्चालन कार्ययोजनाः

### १३) प्रस्ताव आह्वान, मूल्याङ्कन र छनौट

**क.** बाली वस्तुको छनौट पश्चात कम्तिमा ७ दिनको समय दिइ प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिनेछ ।सूचनाको ढाँचा अनुसूचि १ बमोजिम हुनेछ ।

**ख.** उपदफा क बमोजिमको इच्छुक अनुदानग्राहीहरुले तोकिएको समय भित्र तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ । निवेदन साथ अनुसुचि .....बमोजिम व्यवसायिक योजना र अनुसूचि.... बमोजिम प्रतिबद्धता पत्र समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

**ग.** कार्यक्रम संचालन सहजिकरण समितिले स्वीकृत आधार र मापदण्ड बमोजिम प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी प्रस्ताव मुल्याङ्कनबाट उच्चतम अंक पाउने प्रस्ताव पेशकर्ता सूचि (Roster) तयार गरि छनौटको लागि नगर कार्यपालिका बैठकमा सिफारिस गर्नेछ ।छनौटको मापदण्ड अनुसूचि ४ बमोजिमको ढाँचामा हुनेछ ।

**घ.** अनुदानका लागि छनौट भएका प्रस्तावहरुलाइ नगरपालिको कृषि सेवा शाखाले सूचना प्रकाशन गरि सरोकारवालाहरुलाइ ७ दिनको समय दिइ सम्झौताको लागि सूचना प्रकाशन गर्नेछ । सम्झौता अनुसूचि ६ बमोजिमको ढाँचामा हुनेछ ।सो को एक प्रति अनुदानग्राहि र अर्को एक प्रति कृषि सेवा शाखामा हुनेछ ।

### १४) कार्यक्रम कार्यान्वयन

क. दफा १३ बमोजिम सम्झौता पश्चात कम्तीमा ३ दिनको सम्बन्धित व्यवसायमा तालिम सञ्चालन गरिनेछ ।

ख. सूर्योदय नगरपालिकाले कृषकहरुलाइ तालिम तथा प्राविधिक सेवा उपलब्ध गराउनेछ ।तालिम तथा प्राविधिक सहयोगका लागि आवश्यक्ता अनुसार नगरपालिकाले परामर्श सेवा खरिद गर्न सक्नेछ ।

ग. सम्झौता भए बमोजिम कार्य भए नभएको सम्बन्धमा अनुगमन कार्ययोजना तयार गरि कृषि सेवा शाखाका प्राविधिक कर्मचारीहरु र कार्यक्रम कार्यान्वयनका लागि नियुक्त गरिएका प्राविधिकहरुबाट निरन्तर अनुगमन तथा मूल्याङ्कनको कार्य गरिनेछ । कृषि सेवा शाखाले अनुगमन तथा मूल्याङ्कनको मासिक प्रतिवेदन तयार गरि अनुदान सत्यापन तथा प्रतिफल अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१५) अनुदानग्राहीले पालना गर्नुपर्ने दायित्व**

क. प्रस्तावदाताले अनिवार्य रुपमा निर्माण सम्बन्धी कार्यका लागि प्राविधिक इस्टिमेट गराउनुपर्नेछ ।

ख. अनुदानग्राहीले सम्झौता बमोजिम निर्माण तथा संचालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको होडिङबोर्ड कार्यक्रम संचालन हुने स्थलमा राख्नुपर्नेछ ।

ग. कार्य सञ्चालनका क्रममा नगरपालिकाबाट दिइएको निर्देशनको पालना गर्नुपर्नेछ ।

घ. नगरपालिकाको कार्यालयले खोजेको बखत अनुदानग्राहीको निर्माण र संचालन कार्य प्रगति हेर्न सक्नेछ र सो कार्य प्रगति देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ ।

ङ. अनुदानग्राहीले कम्तिमा ६ वर्ष अविछिन्न रुपमा स्वीकृत व्यवसाय संचालन गर्नुपर्नेछ ।

च. अनुदान रकम भुक्तानीका लागि प्रत्येक पटक निर्माण भएको रंगिन फोटो सहितको विवरण पेश गर्नुपर्नेछ ।

**१६) अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधिः** कार्यक्रम संचालनको लागि सम्झौता पश्चात कार्यालयले अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।अनुदान रकम प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ ।

- क. पचास प्रतिशत कार्य सम्पन्न भएपछि २०% पहिलो किस्ताको रुपमा।
- ख. सबै कार्य सम्पन्न भइ अन्तिम प्रतिवेदन प्राप्त भएपछि ८०% दोश्रो तथा अन्तिम किस्ताको रुपमा ।
- ग. कार्यालयले प्रोत्साहन रकम कृषकको बैंक खातामै भुक्तानी गर्नेछ।

माथि उल्लेखित दोश्रो किस्ताको अनुदान रकम अनुदान सत्यापन तथा प्रतिफल अनुगमन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम प्रदान हुनेछ ।अनुदान रकम उपलब्ध गराउँदा सम्झौता बमोजिम एवं उल्लेखित स्पेशिफिकेसनको आधारमा निर्माण भए नभएको

एकिन गरि अनुदान उपलब्ध गराइनेछ ।साथै, प्रत्येक किस्ताको भुक्तानिको लागि वडा कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

**१४) संचालन हुने कृयाकलापहरु र अनुदानको अधिकतम सिमाः** कार्यक्रम संचालन गर्दा कार्यान्वयन गरिने कृयाकलाप र अधिकतम सिमा तालिकामा उल्लेख भए बमोजिम हुनेछ ।

| क्र.सं. | कार्यक्रम शीर्षक | नगरपालिकाको साझेदारी % | कृषकको साझेदारी% | नगरपालिकाको साझेदारी रकम (अधिकतम) | कार्यक्रम संख्या |
|---|---|---|---|---|---|
| १ | सरकारी जग्गामा निर्माण हुने सार्वजनिक प्रयोजनका कृषि पुर्वाधार | १०० | ० | ४० लाख | |
| २ | सामुहिक पुर्वाधार | ८५ | १५ | ३० लाख | |
| ३ | कृषि एम्बुलेन्स तथा कृषि उपज ढुवानी साधन | ५० | ५० | २० लाख | |
| ४ | उन्नत प्रविधि प्रसारका लागि वीउ किट | १०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | नतिजा प्रदर्शन, तरिका प्रदर्शन, उत्पादन प्रदर्शन | १०० | | | |
| ६ | कृषि मेशिनरी, उपकरण,प्लाष्टिक मल्च, प्लाष्टिक टनेल | ५० | ५० | | |
| ७ | उत्पादन सामाग्री (वीउ,मल) | ८० | २० | | |
| ८ | प्राविधिक तालिम तथा क्षमता विकास | १०० | | | |
| ९ | NARC सँगको सहकार्यमा Farmers Acceptance Trial (FAT) | १०० | | | प्रत्येक वार्डमा एक |
| १० | माटो जाँच तथा कृषि चुन वितरण | १०० | | | प्रत्येक कृषकलाइ अधिकतम ३०० के.जी. |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | बजारीकरणका लागि application निर्माण | १०० | | | |
| १२ | मौसमी तरकारी क्षेत्र विस्तार | १५०० । रोपनी | | | २००० रोपनी क्षेत्र विस्तार |
| १३ | बेमौसमी तरकारी क्षेत्र विस्तार | २०००। रोपनी | | | १००० रोपनी क्षेत्र विस्तार |
| १४ | पोलीहाउसमा तरकारी क्षेत्र विस्तार | १३०। वर्ग मिटर | | | |
| १५ | न्युनतम समर्थन मुल्य कार्यान्वयनका लागि लाभ लागत विश्लेष्ण | १०० | | | |
| १६ | आलु क्षेत्र विस्तार | १५०० । रोपनी | | | २००० रोपनी क्षेत्र विस्तार |
| १७ | बाली संरक्षण सेवा | १०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | Post-harvest कार्यका लागि आवश्यक उपकरण, भवन | ५० | ५० | | |
| १९ | तरकारीको वीउ बेर्ना उत्पादनको लागि आधुनिक नर्सरी निर्माण | ७५ | २५ | | अधिकतम ८ लाख |
| २० | पाते तरकारी (Leafy vegetables) उत्पादनको लागि हाइड्रोपोनिक प्लान्टको स्थापना | ७५ | २५ | | अधिकतम ८ लाख |

**१९) बैठक तथा अनुगमन सुविधाः** अनुदान सत्यापन तथा प्रतिफल अनुगमन समिति तथा कार्यक्रम संचालन सहजीकरण समितिका पदाधिकारी तथा कर्मचारीहरुले सूर्योदय नगरपालिकाको प्रचलित नियम र मापदण्डमा रहेर अनुगमन तथा बैठक भत्ताको सुविधा प्राप्त गर्नेछन ।

## परिच्छेद ५

## विविध

**२०) गूनासो व्यवस्थापनः** कार्यक्रम सञ्चालन दौरान सरोकारवालाहरुको गूनासोहरुलाई अनुदान सत्यापन तथा प्रतिफल अनुगमन समितिबाट फर्छौट गरिनेछ ।

**२१) कारवाही हुनेः** यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना वा दुरुपयोग भएको पाइएमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम कारवाही गरिनेछ ।

**२२ बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले सो को व्याख्या गर्नेछ ।

**२३) कार्यविधि संशोधनः** आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सहजीकरण तथा सञ्चालन कार्यविधि २०७९ को अधिनमा रहि नगर कार्यपालिकाले कार्यविधि संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची- १

## आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रमको संचालन सन्दर्भमा अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्ताव आह्वानको सूचना

यस सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम अन्तर्गत सञ्चालन हुने .........................................कार्यक्रमको लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सूर्योदय नगरपालिकाका इच्छुक व्यक्ति, कृषि सहकारी, कृषि फार्म,कृषि उद्यमी, कृषक समूह तथा कृषि कम्पनिबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशन भएको मितिले .....(अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट) भित्र कृषि सेवा शाखामा **आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सहजीकरण तथा सञ्चालन कार्यविधि २०७९** को अधिनमा रहि व्यवसायिक योजना सहित आवेदन आह्वान गरिएको छ । यस सम्बन्धि कार्यविधि सूर्योदय नगरपालिकाको वेव साइटमा राखिएको छ । थप जानकारीको लागि कृषि सेवा शाखामा सम्पर्क गर्न सकिनेछ ।

**अनुसूची- २**

**आवेदन दिने ढाँचा**

आत्मनिर्भरताका लागि कृषि कार्यक्रम २०७९

आवेदन फाराम

श्रीमान प्रमुख ज्यू,
कृषि सेवा शाखा
सूर्योदय नगर कार्यापालिकाको कार्यालय
फिक्कल,इलाम ।

**विषय : प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

ताहाँ कार्यालयको मिति ........................................ गतेको प्रकाशित आत्मनिर्भरताका लागि कृषि कार्यक्रमको सूचना अनुसार म निवेदकले तपसिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

कृषि फर्म/कृषक समुह/ कृषि सहकारी /कृषि उद्यमीको नाम :
कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :
स्थायी ठेगाना :
सम्पर्क नं.:

संलग्न कागजातहरुको सूचि

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| | | |
| | | |

**निवेदकको दस्तखत:** **मिति:**

**अनुसूची- ३**

**व्यवसायिक योजना**

**आवेदकको सामान्य जानकारी**

| | |
|---|---|
| प्रस्तावित संस्थाको नाम | |
| पत्राचारको लागि ठेगाना | |
| संस्थाको हकमा स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| भ्याट/पान दर्ता नम्बर | |
| टेलिफोन/मोवाइल नं. | |
| सम्पर्क ब्यक्तिको नाम | |
| सम्पर्क ब्यक्तिको मोवाइल नं. | |
| **प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक सुविधाहरु** | |
| सडक छ/छैन | |

| | |
|---|---|
| पक्की/कच्ची | |
| नजिकको बजारको नाम र दुरी | |
| विजुली छ/छैन | |
| पानीको व्यवस्था छ/छैन | |
| अन्य पूर्वाधारको व्यवस्था | |

हाल खेति हुने जग्गाको क्षेत्रफलः

बिस्तार हुन सक्ने क्षेत्रफलः

परियोजनाको उद्धेश्यः

कार्ययोजना क्रियाकलाप (के, कति, कहिले,कसरी, कस्ले)

अपेक्षित प्रतिफलः

कृषि सामाग्रीको श्रोत र उपलब्धताको सुनिश्चतताको प्रमाणः

दिगोपनाको योजना (कम्तिमा ५ वर्षको कार्य योजना);

नयाँ सोच भए केही उल्लेख गर्नुहोसः

**लागत बजेटः**

| **क्र.सं.** | **मुख्यमुख्य क्रियाकलापहरु** | **अनुमानित लागत रकम रु.** | **माग गरिएको अनुदान रकम रु.** | **आवेदकको योगदान रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| **कूल जम्मा** | | | | | |

प्रस्ताव गर्ने संस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः संस्थाको छापः

# अनुसूची - ४

अनुगमन मुल्याङ्कन सूचक

| क्र.सं | मुल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | **भौतिक क्षमता** | **२०** | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम वीच तालमेल | २-५ | |
| | विगतको काम भन्दा फरक काम प्रस्ताव गरेको | 0 | |
| | विगतको कामसँग तालमेल भइ कम्तिमा १ वर्ष देखि सोहि कार्य गरेको | २ | |
| | विगतको कामसँग तालमेल भइ कम्तिमा २ वर्ष देखि सोहि कार्य गरेको | ४ | |
| | विगतको कामसँग तालमेल भइ कम्तिमा ३ वर्ष देखि सोहि कार्य गरेको | ५ | |
| १.२ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | २-५ | |
| | प्रस्तावित व्यवसायका लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको | ४ | |

| | | | |
|---|---|---|---|
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पुर्वाधार भएको | ५ | |
| १.३ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पहुँच पुर्वाधार व्यवस्था | १० | |
| | कार्यक्रम स्थलमा बाटो, विद्युत, ढुवानी साधन र बजारसँग पहुँच नभएको | २ | |
| | सम्भाव्य बजारसँग कच्ची मोटरबाटोले जोडिएको, विद्युत र ढुवानी साधन उपलब्ध हुन सक्ने | ५ | |
| | सम्भाव्य बजारसँग कच्ची मोटरबाटोले जोडिएको, विद्युतको व्यवस्था भएको | ८ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटरबाटोले जोडिएको, विद्युत र पर्याप्त ढुवानी साधन उपलब्ध हुन सक्ने | १० | |
| **२** | **प्राविधिक क्षमता** | **२०** | |
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले अनुपयुक्त | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |

| | | | |
|---|---|---|---|
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी भएको | ३ | |
| २.२ | प्रस्तावित कार्यक्रम सम्बद्ध क्रियाकलापहरुमा नविन प्रविधिहरुको समावेश | ०-५ | |
| | नविन प्रविधिहरुको समावेश छैन | ० | |
| | कम्तिमा एउटा नविन प्रविधि समावेश | २ | |
| | कम्तिमा दुइवटा नविन प्रविधि समावेश | ३ | |
| | दुइ भन्दा बढी नविन प्रविधि समावेश | ५ | |
| २.३ | आवश्यक प्रविधि/ प्राविधिक सेवा सम्बन्धि व्यवस्था | ०-५ | |
| | प्राविधिक सेवा सम्बन्ध कुनै व्यवस्था नभएको | ० | |
| | कृषि शाखाबाट प्राविधिक सेवा लिने | २ | |
| | स्थानिय श्रोत व्यक्ति/ व्यवसायिक फार्मबाट प्राविधिक सेवाटेवाको व्यवस्था | ३ | |

| | | | |
|---|---|---|---|
| | आफैँ / आफ्नै श्रोतबाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| २.४ | आवेदकले प्रस्ताव गरेको कार्यका लागि तालिम वा सोहि कार्यमा काम गरेको प्रमाण | ३-५ | |
| | सम्बन्धित विषयमा ३ वा ३ भन्दा कम दिन तालिम लिएको | ३ | |
| | सम्बन्धित विषयमा ७ दिन तालिम लिएको / अरुको फार्ममा एकवर्षसम्म सोहि कार्य गरेको | ४ | |
| | सम्बन्धित विषयमा ७ दिन भन्दा बढिको तालिम लिएको / अरुको फार्ममा एकवर्ष भन्दा बढि सोहि कार्य गरेको | ५ | |
| **३** | **वित्तिय क्षमता** | **३०** | |
| ३.१ | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोतबाट लगानी जुटाउन सक्ने | ३० | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोत र बैंक तथा वित्तिय संस्थाबाट लगानी जुटाउन सक्ने | २५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले बैंक तथा वित्तिय संस्थाबाट लगानी जुटाउन सक्ने | 15 | |

| | | | |
|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आवश्यक लगानी बारे कुनै योजना उल्लेख नगरेको | ५ | |
| **४** | **क्षेत्रफल विस्तार** | **२०** | |
| ४.१ | क्षेत्रफल विस्तार नहुने साविककै जमिनमा खेति गरेको | ५ | |
| | कम्तिमा १०% क्षेत्रफल विस्तार हुने | १० | |
| | थप १००% क्षेत्रफल विस्तार हुने | १५ | |
| | बाँझो तथा खेर गएको जग्गा उपयोगमा ल्याइ खेति गरेको | २० | |
| **५** | **उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारीकरण योजना** | **१०** | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादित वस्तुको बजारीकरणका लागि खरिदकर्ता पहिचान गरेको | ३ | |
| | उत्पादित वस्तुको बजारीकरणका लागि खरिदकर्ता पहिचान गरि बजारीकरण योजना समावेश भएको | ६ | |

| | | | |
|---|---|---|---|
| | उत्पादित वस्तुको,प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि खरिदकर्तासँग खरिद सम्झौता गरेको | ८ | |
| | उत्पादित वस्तुको,प्रशोधन, भण्डारण तथा बजारीकरण आफैँले गर्ने | १० | |
| | **जम्मा** | **१००** | |

क. स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण

.................................................................................................................................................................................................................................................................................

.......................................................................................................................................................................................................................

ख. स्थलगत प्रमाणिकरण टोलिको राय

| क्र.सं | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | प्राप्ताङ्क | अनुदानको लागि योग्य भएको नभएको सिफारिस | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची - ५

## प्रतिवद्धता पत्र

सूर्योदय नगरपालिकाको मिति २०...../....../...... को सूचना अनुसार आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम अन्तर्गत......................................... कार्यक्रम संचालन गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताको लागि व्यवसायिक योजना सहितको आवेदन पेश गरेको छु/ छौँ । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । ६ (छ) वर्षसम्म निरन्तरता दिनेछु/ छौँ । व्यवसायिक योजना अनुसारको कार्य गर्न कुल लागतको ...................% रकम स्वलगानी गर्न समेत मन्जुर छु/ छौँ । नगरेमा वा २ (दुइ) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित कानुन बमोजिम व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/ छौँ । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/ बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाइ नकारात्मक असर नपुर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/ छौँ ।

इति सम्बत २०................./............/..........गते रोज......शुभम् ।

आवेदकको तर्फबाट

नामः

संस्थाको नामः

सम्पर्क नं.

पदः

ठेगानाः

मितिः

# अनुसूची - ६

## सम्झौता पत्र

## आत्मनिर्भरताको लागि कृषि कार्यक्रमसँग सम्बन्धित

मिति : ......./......../.....

आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सहजीकरण तथा सञ्चालन कार्यविधि २०७९ र अनुदान सत्यापन (Field Verification)तथा प्रतिफल अनुगमन समिति को मिति ........................ को निर्णय बमोजिम ............................................................ कार्यक्रम अन्तर्गतको .................................................... (यस पछि दोस्रो पक्ष भनिने) र कृषि सेवा शाखा (यस पछि प्रथम पक्ष भनिने) बिच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौ/दियौ ।

१) सम्झौता गर्ने पक्ष र परियोजना

क) ............................................................................. कार्यक्रम अन्तर्गतको ............................................. टोलबाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधि :

१) नाम :

२) प्रतिनिधित्व गर्ने समूह/सहकारीको नाम :

ख) , ठेगाना:

ग) परियोजना स्थलको विवरणः.....................

घ) गाउँ/टोलः.......................

ङ) कार्याक्रम कार्यान्वयन अवधि

१) शुरु हुने मिति ..........................

२) सम्पन्न मिति : .........................

२)कृषि सेवा शाखा अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरण

क)कार्यक्रमको नाम : ..............................

ख)कार्यक्रमको किसिम : ..............................

ग)कार्यक्रमको कुल लागत रु : ..............................

घ)कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१) कृषक परिवार संख्या :......................

२) जनसंख्या : ........................

३) समुदाय : ......................

४) दलित / जनजाती : ...........................

४ सम्झौताका शर्तहरु :

४.१ यो सम्झौता पत्र आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम संचालन गर्न ..............................कार्यक्रम कार्यान्वयन गर्न ..........................................र कृषि सेवा शाखा बिच ........................ कार्यक्रम गर्ने प्रयोजनको लागि प्रयोग गरिन्छ । यस ........................................................ले देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको पूर्वाधार निर्माण/ मेशिनरी उपकरण सामाग्री खरिद एवं व्यवस्थापन गरिने छ।

| **क्र.सं** | **मेशीन उपकरणको नाम** | **स्पेशिफिकेशन** | **मोडेल** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४.२ सम्झौता पत्रमा हस्ताक्षर  गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

४.३ दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ ।

४.४ दोस्रो पक्षले यस परियोजना सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा  .........% प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चित गर्नु पर्ने छ ।

४.५ दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी,गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कृषि सेवा शाखालाइ जानकारी गराउनु पर्नेछ ।

४.६ दोस्रो पक्षले परियोजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा नगरपालिका वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४.७ दोस्रो पक्षले कार्यक्रम अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरी/गराई अनुदान सत्यापन (Field Verification) तथा प्रतिफल अनुगमन समितिको सिफारिस पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ । यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

४.८ यस परियोजनाको निर्माण/मेशिनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

४.९ प्रथम पक्षले सम्झौता बमोजिमको खर्च रकमको बिल भर्पाई सहितको कार्य सम्पन्न दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु. ............... (........................ मात्र)मा नबढ्ने गरी नियमानुसारको कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामाग्री आपूर्तिकर्ता/मेशिनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सक्नेछ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नु पर्नेछ ।

४.१० दोस्रो पक्षको लापरबाहिको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूरण जिम्मवारी सम्बन्धित ............................................................... हुनेछ .

४.११ दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारबाही (व्यवसायिक योजना,डिजाईन,इष्टिमेट,अनुसार) सम्पन्न गरि कार्यक्रम सञ्चालन ल्याउनु पर्नेछ ।

४.१२ दोस्रो पक्षले कार्यक्रमको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ ।

४.१३ दोस्रो पक्षले कार्यक्रमको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व, कार्यक्रम निर्माण कार्य सञ्चालन हुदै गरेको र कार्यक्रम सम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४.१४ दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिइएको अनुदान रकम कार्यक्रम  निर्माण /मेशनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी

हिनामिना भएको देखिएमा वा हेलचेक्र्याईको कारणबाट कार्यक्रमबाट निर्माण गरिएको पूर्वाधारहरु/मेशिनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिइएको अनुदा रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ ।

४.१५ नगरपालिकाबाट जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

४.१६ कार्यक्रम सम्पन्न भई हस्तान्तरण भई सके पछि सो को मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।

४.१७ निर्माण कार्य अथवा यस सम्बन्धी दोस्रो पक्ष बीच कुनै विवाद आएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

४.१८ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ

४.१९ दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४.२० सम्झौताको सम्बन्धमा कुने विवाद उत्पन्न भएमा प्रचलित कानुन अनुसार हुनेछ ।

४.२१ स्थानीय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ ।

४.२२ अन्य कुनै बुँदामा थपघट गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा गरिने छ ।

४.२३ संलग्न फारामहरु

क) कार्यक्रमको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने समुह/कृषकहरुको नामावली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्ने

**प्रथम पक्षको तर्फबाट**

नाम थर :

पद :प्रमुख प्रशासकिय अधिकृत

दस्तखत

मिति :

| | |
|---|---|
| साक्षी १ | साक्षी २ |
| नामः | नाम: |
| पदः | पदः |
| दस्तखत: | दस्तखत: |

दोस्रो पक्षको तर्फबाट

| |
|---|
| सहकारीको तर्फ बाट सम्झौता गर्ने प्रतिनिधि |
| नामः |
| प्रतिनिधित्व गर्ने ................ नामः |
| ठेगानाः |
| दस्तखत |
| |

| | |
|---|---|
| साक्षी १ | साक्षी २ |

| नाम : | नामः |
|---|---|
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

कार्यक्रमको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

| क्र. सं | कार्यक्रम क्रियाकलापहरु | इकाई | प्रति इकाई दर | कुल लागत रु. | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|
| | | | | | कार्यालय | संस्था |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

## अनुसूची-७

## कार्ययोजना

| क्र.सं | कामको विवरण | कृयाकलाप | जिम्मेवारी | समय सीमा | अनुगमन तथा मुल्याङ्कन सूचक |
|---|---|---|---|---|---|
| १ | बाली वस्तुको छनौट | तरकारी बालीहरुको १४ वटै वडाहरुमा हुने तरकारीको छनौट गर्ने | कार्यक्रम व्यवस्थापन सहजिकरण समिति | फाल्गुण पहिलो हप्ता सम्म | हाल लगाइरहेको बालीको क्षेत्रफल |
| २ | सूचना प्रकाशन | आलु प्रवर्दन कार्यक्रम तथा तरकारी उत्पादन कार्यक्रम | कृषि सेवा शाखा | फाल्गुण दोश्रो हप्ता सम्म | कार्यक्रम व्यवस्थापन सहजिकरण समितिको सिफारिसमा वडा छनौट गरि |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आएका प्रस्तावहरुको छनौट तथा मुल्याङ्कन | Field visit | कार्यक्रम व्यवस्थापन सहजिकरण समिति | आवेदन मिति समाप्त भएको बढिमा १५ दिन भित्र | अनुगमन तथा मुल्याङ्कन सुचाङ्का आधारमा |
| ४ | सम्झौता | छनौट भएका लाभग्राहीसँग | कृषि सेवा शाखा | अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्राप्त भएको हप्ता दिन भित्र | सम्झौता पत्र |
| ५ | अभिमुखिकरण तथा तालिम | छनौट भएका लाभग्राहीलाइ कार्यक्रम संचालनका लागि | कृषि सेवा शाखा | सम्झौता भएको हप्ता दिन भित्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभिमुखिकरण तथा बाली उत्पादन तालिम | | | |
| ६ | सम्झौता अनुसारको कार्य | तरकारी खेति, क्षेत्रफल विस्तार, आलु खेति विस्तार | अनुदानग्राहि | सम्झौता पत्रमा तोकिए बमोजिम | कार्य प्रगति विवरण |
| ७ | प्रथम किस्ता भुक्तानी | ५०% कार्य सम्पन्न भए पश्चात | सूर्योदय नगरपालिका | कागजपत्र पेश भएको १५ दिन भित्र | वील, डोर हाजिरी तथा कार्यक्रम व्यवस्थापन सहजिकरण समितिको प्रतिवेदन |
| ८ | कार्यक्रम अनुगमन | कार्यक्रम व्यवस्थापन सहजिकरण | अनुदान सत्यापन तथा प्रतिफल अनुगमन समिति | कार्यक्रम व्यवस्थापन सहजिकरण | अनुगमन प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिको प्रतिवेदनका आधारमा प्रथम र अन्तिम वील भुक्तानीको लागि सिफारिस गर्नु अघि | | समितिको प्रतिवेदन प्राप्त भएको १० दिन भित्र | |
| ९ | अन्तिम विल भुक्तानी | सम्झौता अनुसार कार्य पश्चात | सूर्योदय नगरपालिका | कार्यक्रम व्यवस्थापन सहजिकरण समितिको प्रतिवेदन प्राप्त भएको १० दिन भित्र | वील, डोर हाजिरी, रंगिन फोटो तथा कार्यक्रम व्यवस्थापन सहजिकरण समितिको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | प्रगति प्रतिवेदन | तोकिएको ढाँचामा मासिक प्रगति विवरण तयार गरि अनुदान सत्यापन तथा प्रतिफल अनुगमन समिति र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने | कृषि सेवा शाखा | कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम | प्रगति प्रतिवेदन, आर्थिक विवरण तथा तथ्यांक |
| ११ | क्षेत्रफल विस्तारको आधारमा अनुदान | नयाँ क्षेत्रमा तरकारी तथा आलु उत्पादन क्षेत्रफल विस्तार | क्षेत्र विस्तार गर्न इच्छुक कृषक | बालीको उत्पादन पश्चात | वडा समितिको सिफारिस कृषि सेवा शाखाको क्षेत्रफल विस्तार भएको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | Crop cutting पश्चात आएको परिणाम |
| १२ | NARC सँगको सहकार्यमा Farmers Acceptance Trail (FAT) | विभिन्न आलु तथा तरकारी का जातहरु कृषकहरुको खेतबारी मै परिक्षण | कृषक तथा कृषि सेवा शाखा | बाली उत्पादन अवधि भर | Performance report<br>Yield productivity |
| १३ | माटो जाँच तथा कृषि चुन वितरण | मिनि ल्याबबाट माटो परिक्षण | कृषि सेवा शाखा | खेति गर्नु अघि | PH, NPK and organic carbon analysis report |
| १४ | बजारीकरणका लागि | कृषक र खरिदकर्ताको पहुँच हुने गरि र बालीको | सूर्योदय नगरपालिका | फाल्गुण सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| | application निर्माण | किनबेचका लागि software निर्माण | | | |

## सूर्योदय नगरपालिका खोरेत रोग नियन्त्रण कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/१०/२९

प्रस्तावना: सूर्योदय नगरपालिकालाई गाईको स्रोत केन्द्रको रूपमा विकास गरी उत्पादित दूधको विभिन्न परिकार लगायत गुणस्तरीय उत्पादन तथा प्रशोधन र बजारीकरणको क्षेत्रमा व्यावसायीकरण गर्दै अन्य मुलुकहरूमा समेत निर्यात योग्य बनाउनका लागि सूर्योदय नगरपालिकालाई खोरेत रोग मुक्त नगरपालिका बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम खोरेत रोग नियन्त्रण कार्यक्रम सञ्चालन कार्यविधि,२०७९ रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक रूपमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: (१) विषय र प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा:

क) “कार्यक्रम” भन्नाले नगरपालिकाको क्षेत्रमा सञ्चालन गरिने खोरेत रोग नियन्त्रण कार्यक्रम सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले “सूर्योदय नगरपालिका” सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले “सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय” सम्झनु पर्दछ ।

घ) “शाखा” भन्नाले “सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालयको पशु सेवा शाखा” सम्झनु पर्दछ ।

ङ) “नगर प्रहरी” भन्नाले “सूर्योदय नगरपालिकाको नगर प्रहरी” सम्झनु पर्दछ ।

च) “खोरेत रोग” भन्नाले भाइरसको कारणबाट पशुहरूमा लाग्ने तथा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सो को नियमावली २०५६ (संशोधन सहित) को नियम २० को उपनियम (२) बमोजिम सूचीकृत गरेका रोगहरू मध्ये एक Foot and Mouth Disease सम्झनु पर्दछ ।

छ) “प्राविधिक” भन्नाले सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा शाखामा कार्यरत प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

ज) “खोप कर्ता” भन्नाले सूर्योदय नगरपालिका क्षेत्र अन्तर्गतका पशु सेवासँग सम्बन्धित न्यूनतम ३५ दिन अवधिको तालिम प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद–२

## कार्यविधिको आवश्यकता, लक्ष्य तथा उद्देश्य

३. कार्यविधिको आवश्यकता: सूर्योदय नगरपालिकालाई उन्नत गाईको स्रोत केन्द्र निर्माण गरेर अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम दुग्ध जन्य पदार्थको उत्पादन प्रशोधन र बजारीकरणको सुनिश्चितताको लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यो कार्यविधि निर्माण गरिएको हो ।

४. कार्यविधिको लक्ष्य: ५ वर्ष

५. कार्यविधिको उद्देश्य: यस कार्यविधिको देहाय बमोजिमका उद्देश्यहरू रहेका छन् ।

क) नगरपालिकालाई खोरेत रोग मुक्त नगरपालिका बनाउने ।

ख) कृषि तथा पशुपालन क्षेत्रलाई आकर्षक पेसाको रूपमा विकास गर्ने ।

ग) अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको दुग्ध जन्य पदार्थ उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने।

घ) पशु तथा दुग्ध जन्य उत्पादनको क्षतिलाई न्यूनीकरण गरी दूध उत्पादनमा वृद्धि गरी कुल ग्राहस्थ उत्पादनको
वृद्धिमा टेवा पुर्याउने ।

## परिच्छेद–३

## कार्यक्रम कार्यान्वयन

६. खोरेत मुक्त नगरपालिका निर्माणका लागि खोप सेवालाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।जस अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

क) समन्वय र सहकार्यमा आवश्यक मात्रा खोरेत रोग विरुद्धको खोपको व्यवस्था गरिनेछ ।

ख) खोप अभियान कर्ताहरूलाई आवश्यक सामग्री उपलब्ध गराइनेछ ।

ग) कृषकहरूलाई खोरेत रोग विरुद्ध लगाइएको खोप कार्ड उपलब्ध गराइनेछ ।

घ) खोप लगाएका पशुहरुको लगत राखिनेछ ।

ङ) खोप लगाए बापत खोपकर्तालाई प्रति पशु रु.३०। प्रारिश्रमिक उपलब्ध गराइनेछ ।

च) सम्बन्धित वडा कार्यालय तथा वडाका जनप्रतिनिधिहरूले खोप सेवा सञ्चालनको कार्यमा
सहयोग तथा समन्वय गर्नु पर्नेछ ।

छ) खोरेत विरुद्धको खोप खरिद भण्डारण व्यवस्थापन र वितरणको व्यवस्था गरिनेछ ।

ज) प्रभावकारी रूपमा खोप सेवा सञ्चालन व्यवस्थापनको जिम्मा पशु सेवा शाखाको हुनेछ ।

७. जिल्लाभित्रको वा जिल्ला बाहिरका अन्य पालिकाहरूबाट पशु चौपाया खरिद गर्नुपर्ने भएमा सम्बन्धित वडामा अनुसूची -१ अनुसारको जानकारी गराउनु पर्नेछ र वडा कार्यालयले पशु सेवा शाखासँग समन्वय गरी खरिद स्वीकृति दिन सक्नेछ ।

क) जिल्ला वा जिल्ला बाहिरबाट खरिद गरी ल्याएका पशुहरूको अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गर्नु पर्नेछ । सो बापत लाग्ने प्राविधिक शुल्क सम्बन्धित किसानले नै व्यहोर्नु पर्नेछ ।

ख) अन्य जिल्लाबाट पशु चौपाया खरिद गर्नु परेमा सम्बन्धित जिल्लाबाट दर्ता वाला भेटेरिनरी डाक्टरले जाँच गरेको पशु स्वास्थ्य प्रमाण पत्र अनिवार्य लिएको हुनुपर्नेछ ।

ग) स्वास्थ्य परीक्षण पश्चात् अन्तर पालिका वा अन्तर जिल्लाबाट खरिद गरी ल्याएको पशु चौपायालाई पन्ध्र दिन छुट्टै राख्ने व्यवस्था खरिद कर्ता कृषकले गर्नुपर्नेछ ।

८.व्यावसायिक प्रयोजनले पशु चौपाया ओसार पसार गर्दा सम्बन्धित ठाउँको दर्तावाला भेटेरिनरी डाक्टरले जारी गरेको पशु स्वास्थ्य प्रमाणपत्र अनिवार्य हुनु पर्नेछ अन्यथा ओसार पसारमा रोक लगाइनेछ ।

क) पशु स्वास्थ्य प्रमाण पत्र वा सम्बन्धित कार्यालयको स्वीकृति बिना पशु चौपायाहरूको ओसार पसार गर्न पाइने छैन ।

ख) पशु चौपाया ओसार पसारको निगरानी र नियमनका लागि नगर प्रहरी परिचालन गरिनेछ । पशु स्वास्थ्य प्रमाण पत्र नभएका पशु चौपायाको ओसार पसारमा नगर प्रहरीले रोक लगाउन सक्नेछ । सो कार्यको लागी नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको सहयोग लिन सकिनेछ । बिना प्रमाण ओसार पसार गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

ग) पशु चौपाया ओसार पसार गर्नेको साथमा रहेको पशु स्वास्थ्य प्रमाण पत्रको परीक्षणको कार्य पशु सेवा शाखाको प्राविधिकले गर्नेछ ।

घ) नगरपालिका क्षेत्रभित्र पैदल हिडाएर ओसारपसार गर्ने पशु चौपायाहरुको हकमा राती विश्राम गराउनु पर्दा नगरपालिकाले तोकेको स्थानमा मात्र विश्राम गराउनु पर्नेछ। सो का लागि नगरपालिकाले स्थान तोकी सबैको जानकारीका लागि सूचना प्रकाशन गर्नेछ । नगरपालिकाले तोके बाहेकको स्थानमा विश्राम गराउन पाउने छैन ।

ङ) उपदफा घ बमोजिम बिश्राम गराउनु परेमा सम्बन्धित पशु चौपाया ओसार पसार गर्ने ब्यक्ति/फर्मले सो को जानकारी पशु सेवा शाखामा अनिवार्यरुपमा गराउनु पर्नेछ ।विश्राम पश्चात विश्रामस्थलको निसंक्रमणको कार्यका लागि पशुसेवा शाखाले नगरपालिकाको कार्यालयमा जानकारी गराइ पशु प्राविधिक र नगर प्रहरीहरु परिचालन गर्न सक्नेछ ।

९. रोग लागेको वा फैलिएको शंका लागेमा पशु सेवा शाखाले रोग पहिचानको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशुपंक्षी रोग अन्वेषण प्रयोगशालासँग समन्वय गरी अकष्मिक रोग नियन्त्रण मिसन संचालन गर्नेछ ।

क) रोग पहिचानको समय अवधि भर सो स्थानबाट पशु चौपायाहरुको खरिद बिक्री तथा ओसारपसारमा पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ ।

ख) प्रयोगशाला परीक्षणबाट खोरेत रोग ठहर भएको अवस्थामा नगरपालिकाले सूचना प्रकाशन गरी सो स्थान बाट पशु चौपायाहरुको ओसारपसार खरिद बिक्री जस्ता कार्यहरु पूर्णरुपमा प्रतिबन्ध लगाइने छ र अर्को सूचना प्रकाशन नभए सम्म प्रतिबन्ध कायम रहनेछ ।

## परिच्छेद – ४
## विविध

१०. अनुगमन /मूल्याङ्कन तथा निर्देशन

क) कार्यक्रम कार्यान्वयन र कार्यक्रमको अनुगमन मूल्याङ्कनका लागि नगर कार्यपालिकाले आवश्यकतानुसार विज्ञ सहितको समिति गठन गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

११. थपघट वा हेरफेर गर्न सक्ने: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा/अवरोध वा अस्पष्टता भएमा नगरपालिकाले बाधा अड्काउ फुकाउने प्रयोजनका लागि कार्यविधिको आवश्यकता अनुसार व्याख्या, संशोधन वा खारेजी गर्न सक्नेछ ।

## अनुसूची १
## कार्यविधिको दफा ७ सँग सम्बन्धित

श्रीमान् वडा अध्यक्ष ज्यू

सूर्योदय नगरपालिका .............वडा कार्यालय,इलाम ।

विषय : पशुधन खरिद सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदक सूर्योदय नगरपालिकाको वडा नं. .............बस्ने कृषक ..................................ले तपसिल अनुसारको पशुधन यस नगरपालिका भन्दा अन्यत्र बाट खरिद गरी ल्याउनुपर्ने भएको हुनाले सो को लागि सिफारिस उपलब्ध गराइ दिनुहुन अनुरोध छ ।

**तपसिल**

(१) पशुको किसिम : .....................

(२) संख्या : ...............

(३) खरिद गरिने स्थान सम्बन्धी विवरण

१. जिल्ला : .........................

२. स्थानीय तहको नाम : ..........................................

३. वाड नं. : ..............................

४. गाउँ /टोल : .......................

५. विक्रेताको नाम : .........................................

६. विक्रेताको सम्पर्क नं. : ......................................

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं. :

नागरिकता नं. :

आज्ञाले,

मिलन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत